जिल्ला खेलकुद विकास समितिलाई र प्रदेश प्रतियोगितामा सहभागी हुनेहरुलाई प्रदेश खेलकुद व्यवस्थापन समितिलाई उपलब्ध गराउनु पर्नेछ ।

१०. **मूल आयोजक समितिः** (१) प्रदेशस्तरीय खेलकूद प्रतियोगिता सञ्चालन गर्न महिला वालवालिका युवा तथा खेलकुद मन्त्रीको अध्यक्षतामा प्रदेश सभाका खेलकूदसँग सम्बन्धित समितिका सभापति एवं सदस्यहरु, प्रतियोगिता आयोजना हुने सम्बन्धित जिल्लाका प्रदेश सभाका माननीय सदस्यहरु, मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयका सचिव, मन्त्रालयका सचिव, सामाजिक विकास मन्त्रालयका सचिव, आन्तरिक मामिला मन्त्रालयका सचिव, प्रतियोगिता आयोजना हुने सम्बन्धित जिल्लाका प्रमुख जिल्ला अधिकारी र सुरक्षा निकायका प्रमुखहरु, आयोजना स्थलका सम्बन्धित स्थानीय तहका प्रमुखहरु, प्रदेश प्रहरी कार्यालयका प्रमुख , मन्त्रालयको खेलकूद हेर्ने महाशाखा प्रमुख, प्रदेश खेलकूद व्यवस्थापन समितिका सदस्यहरु, जिल्ला खेलकुद समितिका प्रमुखहरु, प्रतियोगितामा समावेश हुने खेलका प्रदेश खेल संघका अध्यक्षहरु, उद्योग व्यापार क्षेत्रका संस्थाका प्रमुखहरु, लगायतको सहभगिता रहेको एक प्रदेश स्तरीय खेलकूद प्रतियोगिता मूल आयोजक समिति रहनेछ।

(२) मूल आयोजक समितिको बैठक अध्यक्षले तोकेको मिति समय र स्थानमा आवश्यकता अनुसार बस्नेछ तर उक्त बैठक प्रतियोगिताको तयारी चरण र प्रतियोगिता समाप्ति पछि समीक्षाको लागि अनिवार्य रुपमा बस्नेछ।

(३) आवश्यकता अनुसारका अन्य सरोकारवालालाई अध्यक्षको सहमतिलिई बैठकमा आमन्त्रण गर्न सकिनेछ ।

११. **प्रदेश खेलकुद व्यवस्थापन समिति :** (१) प्रदेशस्तरीय खेलकूद प्रतियोगिताको आवश्यक व्यवस्थापन, समन्वय, निर्देशन तथा अनुगमन र मूल्याङ्कन गर्न देहाय बमोजिमको प्रदेश खेलकूद व्यवस्थापन समिति गठन गरिनेछः-

(क) मन्त्री, महिला वालवालिका युवा तथा खेलकुद मन्त्रालय -अध्यक्ष

(क) प्रदेश सभाका खेलकूद हेर्ने विषयगत समितिका सभापति -सदस्य

(ख) सचिव, महिला वालवालिका युवा तथा खेलकुद मन्त्रालय -सदस्य

(ग) सचिव, सामाजिक विकास मन्त्रालय -सदस्य

(घ) सचिव, आन्तरिक मामिला तथा सँचार मन्त्रालय -सदस्य

(ङ) प्रतियोगिता आयोजना स्थलका स्थानीय तहका प्रमुख -सदस्य

(च) प्रमुख , प्रदेश प्रहरी कार्यालय -सदस्य

(छ) प्रदेश स्तरमा खेलकूदको क्षेत्रमा खेलाडी वा रेफ्री वा प्रशिक्षक वा व्यवस्थापक भई दश वर्ष काम गरेका वा खेलकूदको क्षेत्रमा अध्ययन, अनुसन्धान, प्रवर्द्धनात्मक कार्य गरेका खेलकूद विज्ञ मध्येबाट एक जना महिला सहित मन्त्रालयले मनोनीत गरेका तीन जना -सदस्य

(ज) मन्त्रालयको खेलकूद हेर्ने महाशाखा प्रमुख, -सदस्य सचिव

केशव प्रसाद बिम्ली

